# थुमाको रगत

A Study by Franklin

प्रकाश १२:७–१२

अनि स्वर्गमा लडाइ भयो । माइकल अनि तिनका दूतहरूले त्यस अजिङ्डरसित लडाइँ गरे, अनि **अजिङ्गर** र त्यसका दूतहरूले पनि लडाइँ गरे । (८) तर त्यो त्यति बलियो थिएन, र तिनीहरूले स्वर्गका आफ्ना ठाउँहरू हारे । (९) त्यो विशाल **अजिङ्गर** तल फ्याँकियो– त्यो पुरानो **सर्प** जसलाई **दियाबलस** वा **शैतान** पनि भनिन्छ, जसले **सारा पृथ्वीलाई बहकाउँछ** । त्यो अनि त्यसका दूतहरू त्यससितै **पृथ्वी**मा फ्याँकिए ।

- यो कुरा यशैया १४:१२ ; इजकिएल २८:१२+ मा पनि लेखिएको छ ।

- स्वर्गमा शैतानले लडाई **हारिसकेको** थियो , तर आदमसँग **छल**ले लडाई **जितेका थिए** । त्यसपछि प्रकाशको पुस्तक ख्रीष्टको आगमनमा हाम फालेको छ र त्यहाँ **पूर्णरुपमा परिवर्तन** आएको छ ।

(१०) तब मैले स्वर्गमा यसो भनेको ठूलो सोर सुनें "**अब** हाम्रो परमेश्वरको **मुक्ति** अनि **शक्ति** अनि **राज्य**, अनि उहाँका ख्रीष्टको **अख्तियार** आएका छन् । किनकि **हाम्रा भाइहरूलाई दोष लाउने**, जसले परमेश्वरको सामु **तिनीहरूलाई दिनरात दोष लाउँछ**, त्यो **तल फ्याँकिएको** छ ।

- ऋब मुक्ति आएको छ ! **विजयलाई जीतिएको छ !**

क्रुसको केही दिन अगाडि , येशूले भन्नुभयो : **अब** संसारको न्यायको समय आइपुग्यो; **अब** यस संसारको शासक बाहिर फालिनेछ । यूहन्ना १२:३१

हिब्रू २:१४–१५ आफ्नो मृत्युद्वारा उहाँले शैतानलाई नष्ट गरून्, जससित मृत्युको अख्तियार छ, (१५) हामीलाई **दासत्वको बन्धनबाट मुक्त गराउनुभयो** ।

- “शक्ति” : प्रेरित १०:३८ पवित्र आत्मा र **शक्ति**द्वारा नासरतका येशू ख्रीष्टलाई परमेश्वरले कसरी अभिषेक गर्नुभयो, त्यसपछि **परमेश्वर उहाँकै साथ हुनुभएकोले**, शैतानको अधीनमा परेकाहरूलाई पूर्ण **निको** तुल्याउँदै चारैतिर कसरी असल काम गर्दै उहाँ हिँड्नुभयो, यो कुरा तपाईंहरूलाई थाहा छ ।
- परमेश्वरको **“राज्य”** पृथ्वीमा फिर्ता आएको थियो यसको शक्ति र अधिकारको साथ जुन **येशू ख्रीष्ट**को जीवन र सेवाकाईद्धारा देखाइएको थियो । यद्यपी, उहाँ आफ्नो सिंहासनमा फर्कनुभएको छ ।

र उहाँले हामीलाई भन्नुभएको छ :

मत्ती २८:१८ तब येशू तिनीहरूकहाँ आउनुभयो अनि भन्नुभयो, “स्वर्ग र पृथ्वीमा **सारा अधिकार मलाई** दिइएको छ । (१९) **यसकारण जाओ** (उहाँको अधिकारमा) र सबै देशका जातिहरूलाई चेला बनाओ अनि तिनीहरूलाई पिता, पुत्र र पवित्र आत्माको नाउँमा बप्तिस्मा देओ, (२०) अनि तिनीहरूलाई मैले आज्ञा दिएका सबै कुराहरू पालन गर्न सिकाओ । अनि निश्चय **म सधै, यस यगुको अन्तसम्म तिमीहरूसित छँदैछु** ।”

र : जसरी पिताले **मलाई** पठाउनुभएको छ , त्यसरी नै म **तिमीलाई पठाउछु** ।
यूहन्ना २०:२१

- **मलाई भनेको को हो ??**

हिब्रू २: (६) मानिस के हो र . . . (७) तपाईंले उहाँलाई स्वर्गदूतहरूभन्दा केही कम दर्जाको बनाउनुभयो तपाईंले उहाँलाई **महिमा** र **आदर**को मुकुट पहिराउनुभयो, ८ अनि **हरेक कुरो उहाँको पाउमुनि राखिदिनुभयो** ।” तर **अब हामीले उहाँको पाउँमुनि रहेका थोकहरु अहिले देख्न सक्दैनौं** ।

यद्यपी त्यो दिन आउदैछ : रोमी १६:२० शान्तिका परमेश्वरले चाँडै शैतानलाई **तिमीहरूको** पैतालामनि किल्चिदिनुहुनेछ । परमेश्वरको अनुग्रह तिमीहरूसँग रहोस् ।

- **हो तपाई नै !!!**

तपाईसँग **"उहाँको अधिकार"** र **"शक्ति"** छ :

प्रेरित १:८ तर पवित्र आत्मा **तिमी**हरू**माथि** आउनुभएपछि तिमीहरूले **शक्ति** पाउनेछौ, र **तिमीहरू** यरूशलेममा, सम्पूर्ण यहूदियामा, सामरियामा र पृथ्वीको अन्तिम छेउसम्म मेरो साक्षी हुनेछौ ।"

फिलिप्पी ४:१३ जसले **मलाई शक्ति** दिनुहुन्छ, उहाँमा म सबै कुरा गर्न सक्छु ।

र "राज्य" को बारेमा के हो त

येशूले भन्नुभयो : **परमेश्वरको राज्य** **<u>तिमी</u>**हरूभित्र नै छ । लूका १७:२१

**राजा <u>तपाई भित्र</u> हनहन्छ !** म ख्रीष्टसँगै क्रूसमा टाँगिएको छु, तैपनि म जिउँछु, त्यसो भए तापनि म त होइन, तर **ख्रीष्ट ममा जिउनुहुन्छ** । गलाती २:२०

कलस्सी १:२६-२८ अर्थात् त्यो **रहस्य** जो युगयुग र पुस्तांैदेखि गुप्त राखिएको छ, तर अब त **सन्तहरू**लाई खुलस्त गरिएको छ । (२७) यस रहस्यको **<u>महिमामय सम्पत्ति, जुन ख्रीष्ट तिमीहरूभित्र</u>** हुनुभएको अर्थात् महिमाको आशा हो, त्यो गैर-यहूदीहरूलाई जनाउनको लागि **परमेश्वरले** तिनीहरूलाई **चुन्नुभएको** छ । (२८) हामीले हरेकलाई ख्रीष्टमा सिद्ध प्रस्तुत गराउनलाई, हरेकलाई चेतावनी दिंदै अनि सारा बुद्धिमा सिकाउँदै हामी उहाँको घोषणा गर्छौं ।

- **उहाँको प्रेरितहरुले हामी कसरी जीउनु पर्छ भनी देखाएका छन् - हाम्रो मिशन :**
  लूका ९:१-२ एक दिन येशूले बाह्र जना चेलाहरूलाई एकसाथ बोलाउनुभयो र त्यसपछि तिनीहरूलाई उहाँले भूतहरू धपाउने र रोगहरू **निको** पार्ने **शक्ति** र **अधिकार** दिनुभयो, (२) अनि उहाँले तिनीहरूलाई **परमेश्वरको राज्य**को प्रचार गर्न र बिरामीहरूलाई **निको** पार्न पठाउनुभयो ।

  लूका १०: १, १७-२० त्यसपछि प्रभुले अरू बहत्तर जनालाई नियुक्त गर्नुभयो र तिनीहरूलाई आफू जान लाग्नुभएको हरेक शहर र ठाउँमा दुई दुई जना गरी

अघिबाटै **पठाउनुभयो** । (१७) ती बहत्तर जना आनन्दित हुँदै फर्केर भने, "प्रभु , तपाईंको नाउँमा भतूहरूसमते **हाम्रा अधीनमा** आउँछन् ।" (१८) उहाँले भन्नुभयो, "मैले शैतानलाई स्वर्गबाट बिजुली चम्केझैं गरी **खसिरहेको** देखें ।

> जब शैतान खडां उठ्छ हामीले उसलाई हामीलाई दिइएको **शक्ति** र **अधिकार**द्धारा तल लिएर आउनु पर्दछ ।

(१९) **मैले तिमीहरूलाई** सर्पहरू र बिच्छीहरू कुल्चने र शत्रुका सबै **शक्ति**माथि विजय हुने **अधिकार** दिएको छु कुनै कुराले पनि तिमीहरूलाई हानि गर्नेछैन । (२०) तापनि **आत्माहरू तिमीहरूका अधीनमा आएकोमा** आनन्द नगर, तर **तिमीहरूका नाउँ स्वर्गमा लेखिएका छन्** भन्ने कुरामा आनन्द गर ।"

- **"दाष लगाउने"** चाहीँ सिंहासनबाट हटाइएको छ – तल खसालिएको छ । **ऊ** यस पृथ्वीमा पनि **हराइएको छ** ।

  लडांई अहिले पनि घमासान छ , यद्यपी **सकिएको , अन्तिम , तय गरिएको आत्मा विश्वास , शान्ति , शक्ति र अधिकारको विजय**नुसार हामी हिड्नु र जीउनु पर्दछ , जो **जितिसकेको छ** ।

- यि सबैको बाबजुत ऊ निरन्तर **"दोष"** लगाईराख्छ । किन ? किनकी उसले हामीलाई घृणा गर्दछ । किनकी ख्रीष्ट हामी भित्र हुनुहुन्छ । र हामी उहाँका राजदूतहरु हौं जससँग निती कुशल सुरक्षा छ र अनुमति बिना उसले हामीलाई छुन सक्दैन ।

- के उसका दोषहरु न्यायपूर्ण छन् ? के हामीले पाप गरेका छौं ? हो !

- उसले हामीलाई हाम्रा हरेक पापको खुशीसाथ दोष लगाउदँछ , जो अहिले उसले हामीलाई आक्रमण गर्न सक्छ र फेरी कैदमा राख्न सक्छ । किनकी पापले उसलाई कानुनी अधिकार दिन्छ, पाप नै उसको सिमाना हो , उसको राज्य । उदाहरण : लूका २२:३१

तसर्थ, हामीले के गर्न सन्छौं ? कसरी हामी विजयलाई कायम राख्न सक्छौं र त्यसमा हिड्छौं ?

**प्रकाश १२:११** **र तिनीहरूले जितेका छन्** कारण

(१) **थुमाको रगतले** अनि

(२) **साक्षीको वचनले** जितेका छन् र

(३) तिनीहरूले मृत्युसम्मै पनि **आफ्ना प्राणको माया गरेनन्** ।

(१२) **यसकारण**, ए स्वर्गहरू र स्वर्गहरूमा बस्नेहरू, तिमीहरू **रमाओ** तर **पृथ्वी र समुद्रलाई धिक्कार**, किनकि **आफ्नो समय अल्प छ** भन्ने थाहा पाएर शैतान **ठूलो क्रोध**सित तिमीहरूकहाँ तल आएको छ ।"

- "दुष्ट" ले आफुसँग भएको सबै दिदैछँ , र जसरी समय भाग्दै छ र सकिनै लागेको छ उसको दबाब बढ्दै छ ।
- १ पत्रुस ५:८ संयमी र चनाखो होओ । तिमीहरूको शत्रु शैतान **कसलाई** भेट्टाऊ र खाइहाल् भनी गर्जने सिंहझैं यताउति घुमिहिँड्छ ।

यस्तो गरेमा हामी विजयी हनसक्छौं , शान्ति र विजयीमा र सुरक्षीत खडां रहन सक्छौं :

(१) थुमाको **रगत** – येशूले हाम्रो लागि **के गर्नुभएको छ** ? **उहाँको रगतले विजयलाई जीत्नुभएको छ । हाम्रो स्वतन्त्रतालाई जीत्नुभएको छ ।**

(२) हाम्रो गवाहिको **शब्द** – हाम्रो भाग , हामीले गरेको काम ।

(३) परमेश्वर प्रति हाम्रो **सर्मपणता** , जे सुकै भए पनि ....मृत्युसम्मै ।

हामीले शैतान माथि विजय पाउन सक्छौं जब हामी उहाँलाई **जान्छौं – येशू ख्रीष्ट** को हुनुहुन्छ , **उहाँको रगतले क्रुसमा उहाँको मृत्युद्धारा** के प्राप्त गरेको थियो र **उहाँको पुर्नरुत्थान** छ भनि  जब हामी **विश्वास र गावाही दिन्छौं** ।

यशैया ५:१३ मेरो जाति **ज्ञानको कमि**ले प्रवासमा जान्छन् ।
होशे ४:६ मेरा मानिसहरू **ज्ञानको कमी**ले गर्दा नष्ट भएका छन् । तिमीहरूले ज्ञानलाई तिरष्कार गरेका
हुनाले, म पनि तिमीहरूलाई मेरा पूजाहारीहरू हुन तिरष्कार गर्नेछु , तिमीहरूले आफ्ना परमेश्वरको आज्ञालाई वास्ता नगरेको हुनाले म पनि तिमीहरूका छोराछोरीहरूलाई वास्ता गर्ने छैन ।
यूहन्ना ८:३२ तब तिमीहरूले **सत्यलाई चिन्ने**छौ , अनि सत्यले तिमीहरूलाई स्वतन्त्र तुल्याउनेछ ।
दानिएल ११:३२ करार भङ्गगर्नेहरूलाई त्यसले आफ्ना फुस्ल्याउने कुराहरूले भ्रष्ट पार्नेछ, तर **आफ्ना परमेश्वरलाई चिन्ने** मानिसहरूले कडासित त्यसको विरोध गर्नेछन् ।

## येशूको रगतले हामीलाई के गरेको छ ? हाम्रो गवाहि के हो ?

**१. उहाँको रगतले हामीलाई धर्मी ठहराएको छ :**

रोमी ५:८–९ तर परमेश्वरले आफ्नो **प्रेम** हामीप्रति यसरी दर्शाउनुहुन्छः हामी पापी छँदै, **ख्रीष्ट हाम्रा निम्ति मर्नुभयो** । (९) **अब उहाँको रगतद्‍वारा धर्मी ठहराइएकाले, हामी परमेश्वरको क्रोधदेखि कति बढ्ता बच्नसक्छौं** । (धर्मी ठहराइएको – जो काम भूतकालमा भएको तर अहिले पनि भई नै रहेको)

- धर्मी ठहराईनुको अर्थ : धर्मी बनाइनु/छुडाउनु/स्वतन्त्र गर्नु/पाप देखी शुद्ध हुनु र "निर्दोष" घोषणा हुनु । निर्दोष ठहराइएको ।

यसकारण, **अब** येशू ख्रीष्ट**मा** हुनेहरूको निम्ति **दण्डको आज्ञा छैन** (न्याय छैन) , किनकि **जीवनको आत्माको व्यवस्थाले ख्रीष्ट येशूद्वारा मलाई पाप र मृत्युको दण्डबाट स्वतन्त्र गरिदिएको छ** । (रोमी ८:१-२)

यसलाई जान्नको लागि यहाँ इतिहास छ :

रोमी ५:१२ यसकारण, जसरी **एक मानिसद्वारा** पाप संसारमा पस्यो र पापद्वारा मृत्यु आयो, उसरी
नै मृत्यु सब मानिसमा फैलियो, किनकि सबैलेपाप गरको छन् ।

रोमी ५:१७-१८ जब **एउटा** मानिसको (आदम) अपराधको कारण मृत्युले त्यही एउटै मानिसद्वारा शासन गर्‍यो, तब कति बढ्ता **एउटा** मानिस, येशू ख्रीष्टद्वारा, परमेश्वरको **अनुग्रह**को प्रचुरता तथा **धार्मिकताको वरदानले** झन् बढ्ता **जीवनमा राज्य** गर्नेछ । (१८) यसकारण, जसरी **एउटै अपराध**को प्रतिफल सबै मानिसलाई **दण्ड**को आज्ञा भयो, उसरी **धार्मिकताको एउटै कार्य**को प्रतिफलले **सबै मानिसलाई धर्मी ठहराएर जीवन ल्याउँछ** ।

(धर्मीकता र धर्मी ठहराइनु चाहिँ ग्रीकमा एउटै शब्द हो)

"पहिलो आदम" द्वारा पाप सबै मानिसमा पस्यो । रोमी ५:१२
"अन्तिम आदम" द्धारा (१को.१५:४५) मृत्युको ज्याला पुरै तिरियो । (रोमी ६:२३)

र "धार्मिकताको वरदान" सबैलाई दिइएको छ , तर प्रचुरताको अनुग्रह पाउनेलाई दिइएको छ । र उनिहरु पूर्णरुपमा धर्मी ठहराइएको छ र अनन्तसम्म "जीवनमा राज्य" गर्नेछ ।

**महान् साटासाट - येशू** , सिद्ध , परमेश्वरको थुमाले हाम्रो पाप मोल र न्याय समेत लिनुभयो र **उहाँको आफ्नै रगत**द्धारा हाम्रो **धर्मी ठहराइनु र छुटकाराको** लागि पुरा मुल्य चुकाउनुभयो । सन्तुष्ट भएर **पिताले विश्वास गर्ने र उहाँलाई स्वीकार्नेलाई स्वर्गका ढोकाहरु खुल्ला खोल्नुहुनेछ** ।

- यहाँ मेरो "**स्वर्गको ढोका**" खुलिने कुरामा मेरो विचार :

उहाँको पुर्नरुत्थानमा उहाँले पहिले (एफिसी ४:८-९) पृथ्वीको तल्लो भागमा ओर्लनुभयो त्यसपछि उहाँ उच्चमा चढि जानुभयो , कैदीहरूलाई बन्दी बनाएर । अब्राहामको साथमा कुरिरहने पुरानो नियमको सन्तहरु को हुन् (लूका १६:२२)

स्वर्गदूतहरु उहाँसँग उचालिदाँ स्वर्गिय ढोकेलाई कराउदै थिए :
भजनसंग्रह २४:७-१० स्वर्गिय ढोकेले सोध्नुहुन्छ : महिमाका महाराजा को हुनुहुन्छ ? र उत्तर : परमप्रभु, जो सामर्थी र प्रतापी हुनुहुन्छ, परमप्रभु जो लडाइँमा पराक्रमी हुनुहुन्छ । हे मूल ढोका हो, आफ्ना शिर उच्च गर, हे सनातनका ढोका हो, आफ्ना शिर उठाओ, तब, महिमाका महाराजा आउनुहुनेछ ।

जसरी महान् गितले भन्छ , मेरो गवाहि चाहिँ त्यहि हो :
*"मेरो आशा चाहिँ येशूको रगत र उहाँको धार्मिकतामा बाहेक अरु केहिमा छैन ।"*

येशू ख्रीष्टको क्रुसमा मृत्यु -उहाँको रगतले-**पापको समस्या**लाई लिएको छ , जसले प्रचुरताको अनुग्रह र धर्मीकताको वरदान प्राप्त गर्छ त्यसले येशू ख्रीष्टद्धारा जीवनमा राज्य (शासन , विजयी भएर खडा रहने) गर्नेछ ।

मेरो गवाहि : **येशूको रगत**ले मलाई धर्मी ठहराएको छ - म स्वतन्त्र छु - मैले कहिल्यै पनि पाप नगरे जस्तो - पापको ज्यालाबाट म छुटकारा पाएको छु - र मलाई उहाँको धर्मीकता दिइएको छ । **येशू ख्रीष्ट**को रगतले म धर्मी भएको छु र मलाई **अनन्त जीवन** दिइएको छ ।

१ कोरन्थी १५:५७ तर परमेश्वरलाई धन्यवाद होस् । जसले हामीलाई हाम्रा प्रभु येशू ख्रीष्टमा विजय दिनुहुन्छ ।

**२. उहाँको रगतले हामीलाई छुटकारा दिन्छ**
छुटकारा दिनुको अर्थ चाहिँ **"वास्तविकमा तपाईको जे हो त्यो वापस किन्नु हो ।"**

हामी परमेश्वरका थियौं –किनकि उहाँको सामु हामी पवित्र र निष्कलङ्ढ होऔं भनरे उहाँलेहामीलाई संसारको सृष्टिभन्दा अघिबाटै उहाँमा चुन्नुभयो । (एफिसी १:४) – तर

आदमको कारण हामी पाप र मृत्युमा जन्मेका थियौं – शैतानको राज्य – दुष्टको अधिकार र नियन्त्रणमा दास ।

तर येशू शैतानको राज्य अन्धकारमा हिड्नुभयो र हाम्रो **स्वतन्त्रताको लागि र** हाम्रो **छुटकाराको लागि उहाँले तिर्नुभयो ।**

१ पत्रुस १:१८–२० किनकि तिमीहरू जान्दछौ, तिमीहरूका पिता पुर्खाबाट तिमीहरूले पाएको व्यर्थका कुराहरूदेखि, चाँदी वा सुनजस्ता नाशमान वस्तुबाट **छुटकारा** पाएका होइनौ (किन होईन), (१९) तर दाग र खोट नभएको थुमा, **ख्रीष्टको बहुमूल्य रगत**ले छुटकारा पाएका छौं । (२०) उहाँ संसारको सृष्टिभन्दा अघि छानिनुभएको थियो, तर तिमीहरूका खातिर यी अन्तिम सयममा प्रकट हुनुभयो ।

- **बहुमुल्ता** चाहिँ...किन्नको निम्ती **किनेको मुल्य**बाट निर्धारण हुन्छ ।
- तसर्थ, **तपाई कतिको बहुमुल्य हुनुहुन्छ त** ?

हिब्रू ९:१२ उहाँ बोका र बाछाहरूको रगत लिएर प्रवेश गर्नुभएन तर **अनन्त उद्धार** प्राप्त गरेर **आफ्नै रगत** लिएर सधैको लागि एकैपल्ट महा–पवित्रस्थानमा प्रवेश गर्नुभयो । यो कहिल्यै परिवर्तन हुदैन !

यसकारण, अब येशू ख्रीष्टमा हुनेहरूको निम्ति **दण्डको आज्ञा छैन** (न्याय छैन), किनकि **जीवनको आत्मा**को व्यवस्थाले ख्रीष्ट येशूद्वारा मलाई **पाप र मृत्युको दण्डबाट स्वतन्त्र गरिदिएको छ** । रोमी ८:१–२

हामीलाई **प्रभु येशू**ले किन्नु मात्र भएन तर : किनकि उहाँले **हामीलाई** अन्धकारको राज्यबाट **छुटाउनुभयो** अनि प्रेम गर्नुहुने पत्रु को **राज्यमा ल्याउनभुयो**, (१४) जसमा हामीलाई **छुटकारा** र पापको क्षमा **छ** । कलस्सी १:१३–१४

तसर्थ, अन्धकारको राज्य**मा भए जस्तै**, म कुन हदसम्म अझै जीउदै गर्ने ?

- यो चाहिँ गम्भिररुपमै लिनुपर्दछ :

१ कोरन्थी ६:१३,२० तिमीहरूको शरीर पवित्र आत्माको मन्दिर हो भनी के तिमीहरूलाई थाहा छैन, जुन पवित्र आत्मा तिमीहरूले परमेश्वरबाट पायौ, अनि जो

तिमीहरूभित्र हुनुहुन्छ ? **तिमीहरू आफै त आफ्नै होईनौं** (२०) तिमीहरू **दाम तिररे किनिएका** हौ । यसकारण, **आफ्ना शरीरद्वारा परमेश्वरको आदर गर** ।

**प्रभु**ले हामीलाई **उहाँको शरिर**सँग हामीले के गर्नै भन्ने दायित्व दिनुभएको छ ।

छुटकाराको सत्यता र महत्वको बारेमा बाइबलमा पहिले नै सिकाएको छ , थुमाको रगतले परमेश्वरको चुनिएका जातिको छुटकारा र मिश्रको फारोबाटको स्वतन्त्रतालाई जनाउछँ ।

प्रस्थान १२:२,३,

- हरेक मानिसले उनिहरुको मुक्तिको लागि "परमेश्वरको **थुमा**लाई लिनुपर्दछ" , **येशू ख्रीष्ट** । र त्यहि समय नै तपाईको नसकिने महिनाहरुको शुरुवात हो ।

उनीहरुको पिताहरुको घरनुसार, हरेक घरमा एक–एक थुमा ।

- हाम्रो **पिताको घर वा परिवार**को लागि त्याहाँ **एउटा थुमा** छ ।

(७)

- हामीले यो गरे, र रगतको करारमा प्रवेश गर्छौं , जब हामी **येशू ख्रीष्ट परमेश्वरको थुमा** हुनुहुन्छ र **उहाँको रगतले मात्र** उद्धार प्राप्त गर्न सक्छौं भनि **विश्वास** गर्छौं । यो समयमा हामी अनुग्रहको प्रचुरता तथा धार्मिकताको वरदानले झन् बढ्ता जीवनमा राज्य गर्नेछ । (रोमी ५:१७)

(८) यो चाहिँ त्यो दिनको लागि परंमपरागत करारको खाना हो ।

(११)

- रगतको करारमा (मेरो जीवन उहाँको निम्ती निछावर गर्ने) प्रवेश पाईसके पछिहामी परमेश्वरले हामीलाई जताँ जताँ डो्याउनुहुन्छ र पढाउनुहुन्छ त्यहिँ जान तयार हनुपर्दछ ।

(१३)

- ढोका र चौकोसहरुको रगतले हामी बस्ने ठाउँ– (**तपाईको शरिर**) मा **प्रवेश** गर्ने र **बाहिर आउने** ठाउँको रक्षा गर्दछ ।

र जब हामी रगतलाई देख्दछौं

- रगत चाहिँ परमेश्वरको निम्ती हो । उहाँले **आफ्नो पुत्रको** रगतलाई हेर्नुहुन्छ ।

र जब उहाँले यसलाई देख्नुहुन्छ ...

म तिमीहरुकहाँ भएर जानेछु , र जब म मिश्र देशमा विपत्ती ल्याउनेछु , तिमीलाई नष्ट गर्नलाई तिम्रो वरपर कुनै विपत्ती आउनेछैन । भजनसंग्रह ९१लाई हेर्नुहोस्

(२३) हाम्रो जीवनको ढोकालाई सुरक्षा दिनुहुन्छ ।

**निस्तार चाढको उत्सव । हालेल्लुयाह !**

येशू , परमेश्वरको थुमा , अहिले निस्तार चाढलाई ब्याख्या गर्नुहुन्छ : यूहन्ना ६:५४–५७ जसले **मेरो देह खान्छ र मेरो रगत पिउँछ**, ऊसँग **अनन्त जीवन छ**, र अन्त्यको दिनमा म उसलाई जीवित पार्नेछु । (५५¬) किनकि **मेरो देह साँच्चैको खानेकुरा** र मेरो रगत साँच्चैको पिउने कुरा हो । (५६) जसले मेरो देह खान्छ र मेरो रगत पिउँछ, त्यो ममा रहन्छ, र म त्यसमा रहन्छु । (५७) जसरी जीवित पिताले मलाई पठाउनुभएको छ र म पिताको कारणले जिउँछु , त्यसै गरी जसले मलाई खान्छ, त्यो मेरो कारणले जिउनेछ ।

- यसलाई हामी कसरी बुझने ? यस्तो भनाईमा उहाँको अर्थ के हो ?

प्रभु भोजको समयमा : किनकि मैले प्रभुबाट जे पाएँ त्यो तिमीहरूलाई सुम्पिदिएँ : जुन रात येशू पक्राउ पर्नुभएको थियो उहाँले **रोटी लिनुभयो** , (२४) अनि धन्यवाद दिनुभएपछि, उहाँले त्यसलाई भाँचेर भन्नुभयो, "यो तिमीहरूको निम्ति **मेरो शरीर हो**, यसलाई मेरो सम्झनामा गर ।" (यो चाहिँ करारको सम्झना गराउने हो) (२५) त्यही किसिमले, भोजपछि उहाँले कचौरा लिएर भन्नुभयो, "यो कचौरा **मेरो रगतको नयाँ करार** हो यो पिओ अनि जसै पिउँछौ, यसलाई मेरो **सम्झनामा** गर्ने गर ।" (२६) किनकि जब जब तिमीहरूले यो रोटी खान्छौ वा यस कचौराबाट पिउँछौ, तब प्रभु नआउञ्जेल तिमीहरूले उहाँको मृत्युको **प्रचार** गर्छौ । १ कोरन्थी ११:२३–२६

- जब हामी रोटी खान्छौं (उहाँको शरिर) र कचौराबाट पिउँछौं (उहाँको रगत) हामी प्रचार वा घोषणा गर्दैछौं, (गवाही दिदैं) र हामीलाई याद दिलाउद, कि

हामीले हामीमा येशूलाई प्राप्त गरेका छौं र उहाँको रगतको करारमा प्रवेश गरेका छौं ।

भजनसंग्रह १०७:२ परमप्रभुले छुटकारा दिनुभएकाहरूले **यसो भनून्**– जसलाई **उहाँले** वैरीहरूका हातबाट मोल तिरेर **छुटाउनुभयो** ।

हम्रो गवाहि राम्रोसँग लेखिएको छ : कलस्सी १:१३–१४

किनकि **उहाँले हामीलाई** अन्धकारको राज्यबाट **छुटाउनुभयो** अनि पे्रम गर्नुहुने पत्रु को **राज्यमा ल्याउनभुयो**, (१४) जसमा **हामीलाई छुटकारा र पापको क्षमा** छ ।

१ कोरन्थी १५:५७ तर परमेश्वरलाई धन्यवाद होस् । जसले हामीलाई हाम्रा प्रभु येशू ख्रीष्टमा **विजय दिनुहुन्छ** ।

**३. उहाँको रगतले हामीलाई क्षमा दिनुभएको छ :**

हिब्रू ९:२२ वास्तवमा, व्यवस्थाअनुसार त प्रायः हरेक थोक नै रगतद्वारा शुद्ध गरिनुपर्छ, अनि
**रगत नबगाई पाप क्षमा नै छैन** ।

एफिसी १:७ **उहाँको रगतद्वारा हामीले उहाँमा उद्धार पाउँछौं**, र परमेश्वरको **अनुग्रहको प्रशस्तताअनुसार** हामीले पापको **क्षमा** पाउँछौं ।

हिब्रू ९:२६ त्यसो भएको भए त ख्रीष्टले संसारको सृष्टिदेखि नै धेरैपल्ट कष्ट भोग्नुपर्ने थियो । तर अब उहाँ आफ्नै बलिदानद्वारा **पाप हरण** गर्नलाई युगको अन्तमा एकैचोट्टि देखा पर्नुभएको छ ।

हिब्रू १०:१७–१९ तब उहाँ फेरि भन्नुहुन्छः “म तिनीहरूका पाप र अधर्महरू **कहिल्यै सम्झनेछैन** ।” (१८) अनि **जब** यी **क्षमा गरिएका हुन्छन्**, पापहरूको लागि कुनै बलिदान हुनेछैन । (१९) **यसकारण**, भाइ हो , **हामीलाई** येशूको रगतद्वारा **महा–पवित्रस्थान**भित्र पस्ने **आत्मविश्वास** भएको छ,

१ यूहन्ना ३:५ तर तिमीहरू जान्दछौ, हाम्रा **पाप हरण गर्न**लाई नै उहाँ प्रकट हुनुभएको हो । अनि **उहाँमा कुनै पाप छैन** । हामी “ख्रीष्टमा” छौं (रोमी ८:१ , १ कोरन्थी १:३० , २ कोरन्थी ५:१७)

प्रकाश १:५ अनि विश्वासनीय साक्षी, मृतकहरूमध्येका ज्येष्ठ र पृथ्वीका राजाहरूका शासक येशू ख्रीष्टबाट । उहाँलाई जसले **हामीलाई पे्रम गर्नुहुन्छ** अनि जसले **आफ्नो रगतले हाम्रा पापहरूबाट**
**हामीलाई स्वतन्त्र पार्नुभयो,**

भजनसंग्रह १०३:१०–१२ उहाँले हामीसित हाम्रा पापअनुसारका व्यवहार **गर्नुभएको छैन,** नता हाम्रा अधर्मअनुसार हामीलाई **बदला लिनुभएको छ** । (११) किनकि पृथ्वीबाट स्वर्ग जति अल्गो छ, उहाँका भय मान्नेहरू माथि **उहाँको करूणा त्यतिकै महान् छ** । (१२) **पश्चिमबाट पूर्व जति टाढा छ, उहाँले** हाम्रा अपराधहरू हामीबाट त्यतिकै टाढा **हटाइदिनुभएको छ** ।

कलस्सी २:१३–१५ जब तिमीहरू **पापमा** अनि आफ्ना पापी स्वभावको बेखतनामा **मरेका थियौ,** परमेश्वरले **तिमीहरूलाई** ख्रीष्टसित **जीवित तुल्याउनुभयो** । (कसरी ?) उहाँले **हाम्रा सबै पापहरूलाई क्षमा गरिदिनुभयो,** (उहाँले यो कसरी गर्नुभयो ?) (१४) हाम्रा विरुद्धमा भएका **लिखित तमसुक** र त्यसका सबै कानूनी दावीहरूलाई **क्रूसमा कीला ठोकी रद्द गरिदिनुभयो** (यस्को नतिजा के थियो त ?) । (१५¬) अनि शक्ति र अख्तियारहरूलाई निःशस्त्र पारी,

- शैतानको हातहतियार चाहिँ उसको झुठ र छल हुन् । “ज्योतिका दूत” २ कोरन्थी ११:१४
- उस्को हतियार चाहिँ पाप हो

**तिनीहरूलाई क्रूसमाथि पराजित गरी, खुल्लमखुल्ला तमाशा** बनाइदिनुभयो ।

खुल्लमखुल्ला तमाशा :

एक रोमी सेनापति उस्को शत्रुहरुलाई हराए पछि , उनिहरुको हातहतियार , लुगालाई हटाउदथे र रोमको गल्लीहरुमा हिडाउथे । यो चाहिँ खुल्लमखुल्ला तमाशा र उसको विजयको घोषणा थियो ।

र अहिले उहाँले हामीलाई विजय दिनुभएको छ :

१ कोरन्थी १५:५७ तर परमेश्वरलाई धन्यवाद होस् । जसले हामीलाई हाम्रा प्रभु येशू ख्रीष्टमा **विजय दिनुहुन्छ** ।

२ कोरन्थी २:१४ तर परमेश्वरलाई धन्यवाद होस्, जसले हामीलाई **विजयको यात्रामा डोऱ्याउनुहुन्छ**
अनि हामीद्वारा नै उहाँको ज्ञानको सुवास्ना चारैतिर फिँजाउनुहुन्छ ।

रोमी १६:२० शान्तिका परमेश्वरले चाँडै **शैतानलाई तिमीहरूको पैतालामनि किचिदिनुहुनेछ** ।
परमेश्वरको अनुग्रह तिमीहरूसँग रहोस् ।

भजनसंग्रह १०७:२ परमप्रभुले छुटकारा दिनुभएकाहरूले **यसो भनून्**– जसलाई **उहाँले** वैरीहरूका हातबाट मोल तिरेर **छुटाउनुभयो** ।

हामीले साहासीका साथ विश्वास र घोषणा गर्नुपर्छ , **"येशूको रगतले म दुष्टको हातबाट छुटकारा पाएको छु"** ।

**४. उहाँको रगतले हामीलाई पुर्नमिलापमा ल्याएको छ :**

**पुर्नमिलापको अर्थ चाहिँ** : सहि सम्बन्धमा पुनः प्राप्त गर्नु हो , साथित्वलाई पुनः प्राप्त गर्नु , आदमसँगको उहाँको सम्बन्धलाई पुनः प्राप्त गर्नु ।

कलस्सी १:२२ तर अब त तिमीहरूलाई उहाँको दृष्टिमा **निष्खोट र निर्दोष** उपस्थित गराउन **उहाँले तिमीहरूलाई** ख्रीष्टको भौतिक शरीरको मृत्युद्वारा **मिलापमा** ल्याउनुभएको छ
.......................................................................................................................................
१ कोरन्थी १:८ तिमीहरू हाम्रा प्रभु येशू ख्रीष्टको दिनमा **निर्दोष** होओ भनी **उहाँले** तिमीहरूलाई अन्त्यसम्म बलवान् बनाइराख्नुहुनेछ ।

फिलिप्पी १:६ यो कुरामा दृढ भरोसा गरेर, कि जसले तिमीहरूमा एउटा असल काम शुरु गर्नुभयो , उहाँले नै खी्रष्ट येशूको दिनमा **त्यो पूरा होउञ्जेल जारी राख्नुहुनेछ** ।
..............................................................
..............................................................
.........
रोमी ५:१० जब हामी परमेश्वरका **शत्रु**नै थियौं, **उहाँको पुत्रको मृत्युद्वारा** हामी उहाँमा **मिलाप**मा आयौं, त अब मिलाप भइसकेपछि हामीले उहाँको जीवनमार्फत अझ बढी निश्चितता साथ उद्धार पाउने आशामा ढुक्क भएका छौं ।

---

हामीहरु शत्रुहरु थियौं – हाम्रो पिताबाट अलगिएका थियौं – यशैया ५९:२

भजनसंग्रह ११:७ किनकि परमप्रभु धर्मी हुनुहुन्छ, उहाँले इन्साफलाई प्रेम गर्नुहुन्छ, **सोझा मानिसहरूले उहाँको मुहारको दर्शन गर्नेछन्** ।
भजनसंग्रह १०५:४ परमप्रभु र उहाँका शक्तिको खोजी गर, **उहाँको दर्शन निरन्तर खोज** ।

२ कोरन्थी ५:१७–२१ यसकारण, यदि कोही ख्रीष्टमा छ भने, ऊ नयाँ सृष्टि हो , पुराना कुराहरू बितिगए, अब नयाँ आएका छन् । (१८¬) यी सबै त परमेश्वरबाट हुन्, जसले ख्रीष्टद्वारा **हामीलाई मिलापमा** ल्याउनुभयो अनि मिलापको सेवा दिनुभयोः (१९) कि **मानिसहरूको पापको वास्ता नगरेर** परमेश्वरले ख्रीष्टमा **संसारलाई मिलापमा ल्याउनु हुँदैथियो** । अनि उहाँले हामीलाई मिलापको कार्यको सन्देशसुम्पनुभयो । (२०) परमेश्वरले हामीद्वारा अनुरोध गरिरहनु भएझैं , हामी खी्रष्टको निम्ति राजदूतहरू हौं । हामी ख्रीष्टको पक्षमा तिमीहरूलाई अनुरोध गर्दछौं : **परमेश्वरसित मिलापमा रहो** । (२१) हामी ख्रीष्टमा **परमेश्वरका धार्मिकता** बनौं भनी **पापै नगर्नु भएकालाई** हाम्रो खातिर पाप बनाउनुभयो ।

- **हामी मिलाप**मा ल्याएका छौं र **हामी**लाई मिलापको **सेवाकाई** दिनुभएको छ । हरेक विश्वासी उहाँको सेवाकहरु हौं र हामी सबैसँग धैरै महत्वपूर्ण सेवाकाई छ ।

- उहाँले **संसारलाई उसको पापहरुको विरुद्धमा नभई आफुमा मिलापमा ल्याउनुभएको छ** । यो **सुसमाचार**लाई नै हामीले हरेकलाई सुनाउनु पर्दछ ।

१ यूहन्ना २:२ अनि उहाँ **हाम्रा पापहरू**को निम्ति प्रायश्चितको बलि हुनुहुन्छ, र केवल हाम्रा पापका निम्ति मात्र होइन, तर **सारा संसार**का पापका निम्ति पनि । यूहन्ना १:२९ यूहन्नाले येशूलाई यसरि परिचय दिए : "हेर, **संसारको पाप उठाइलैजाने** परमेश्वरका थुमा ।"

उहाँले **सबै**लाई मिलापमा ल्याउनु मात्र भएन तर उहाँले **सबै**लाई किन्नु पनि भयो । २ पत्रुस २:१ तर त्यहाँ मानिसहरूका बीचमा झूटा अगमवक्ताहरू पनि थिए, जसरी तिनीहरूमध्ये पनि झूटा शिक्षक हुनेछन् । तिनीहरूले गुप्तमा झूटा शिक्षाहरू ल्याउनेछन् । तिनीहरूलाई **किन्नु हुने** सार्वभौम प्रभुलाई समेत **नकार्छन्**– यसरी आफूमा चाँडो नाश ल्याउँछन् ।

उहाँले सबैलाई मिलापमा ल्याउनुभयो र उहाँले हामीलाई किन्नुभयो ...तसर्थ के यसको अर्थ सबै जना स्वर्ग जान्छन् त ? होईन ! किनकी ....

**त्याहाँ एउटा पाप मृत्युसम्मै छ :**

येशूले भन्नुभयो, पवित्र आत्माको बारेमा,: यूहन्ना १६:८–११ अनि उहाँ आउनुभएपछि, उहाँले **संसारलाई पाप**, धार्मिकता र न्यायको **विषयमा दोषी ठहराउनुहुनेछ** .(९) **पापको विषयमा, किनकि मानिसहरूले मलाई विश्वास गर्दैनन्** (१०) धार्मिकताको विषयमा, किनकि म पिताकहाँ जाँदैछु, र तिमीहरूले मलाई फेरि देख्नेछैनौ (११) र न्यायको विषयमा, किनकि यस संसारको शासकले दण्डको आज्ञा पाइसकेको छ ।

- यहिँ नै "मृत्युसम्मैको पाप" हो – अनन्तको मृत्युसम्मै ।

**प्रश्न**को उत्तर यहिँ हो :
"यदि परमेश्वर प्रेम हुनुहुन्छ भने कसरी उहाँले कसैलाई नरकमा पठाउनुसक्नुहुन्छ ?"

**उत्तर :** उहाँले गर्नुहुन्न । मानिसहरु आफै त्याहाँ जान्छन् ।

**हामी** ख्रीष्टको पक्षमा तिमीहरूलाई अनुरोध गर्नु नै पर्दछ : **परमेश्‍वरसित मिलापमा रहो** । २ कोरन्थी ५:२०
**हामी**ले उनीहरुलाई अनुग्रहको प्रचुरता तथा धार्मिकताको वरदान लिन उत्साह **दिनै** पर्दछ । रोमी ५:१७

यहि हाम्रो दायित्व हो , उहाँको राजदूतहरु झै , उहाँको पुजाहारीहरु झै ,

---

यूहन्ना १४:६ येशूले भन्नुभयो, "बाटो, सत्य र जीवन म नै हुँ । मद्वारा बाहेक कोही पिताकहाँ आउन
सक्दैन ।

हिब्रू १३:१२ यसकारण येशूले पनि आफ्नै रगतद्वारा मानिसहरूलाई पवित्र पार्नलाई शहरको ढोका बाहिर नै शासना भोग्नुभयो ।

हिब्रू १०:१० अनि त्यही इच्छाद्वारा, येशू ख्रीरष्टको शरीरको बलिदानबाट हामी सधैँको निम्ति
पापबाट पवित्र बनाइएका छौं ।

प्रेरित २६:१८ आफ्ना पापहरूको क्षमादान र विश्‍वासद्वारा ममा सिद्ध तुल्याइएकाहरूलाई छुट्याइएको ठाउँ तिनीहरूले पाउन सकून् भनेर तिनीहरूका आँखा उघार्न, तिनीहरूलाई अँध्यारोबाट उज्यालोमा फर्काउन र शैतानको शक्तिबाट परमेश्‍वरमा फर्काउन म तँलाई तिनीहरूसमक्ष पठाउँदैछु ।

२ कोरन्थी ५:२१ हामी ख्रीष्टमा परमेश्‍वरका धार्मिकता बनौं भनी पापै नगर्नु भएकालाई हाम्रो खातिर
पाप बनाउनुभयो ।

**१ पत्रुस १:१४–१६** आज्ञाकारी बालबालिकाहरू भएको हुनाले अबोध अवस्थामा हुँदा तिमीहरूसित
भएको दुष्ट अभिलाषाअनुरूप नचल । १५तर तिमीहरूलाई बोलाउनुहुने पवित्र हनु भएझैं ,
तिमीहरू पनि तिमीहरूले गर्ने सबै कुरामा पवित्र होओ, १६किनकि धर्मशास्त्रमा यसरी लेखिएको छः "पवित्र होओ, किनकि म पवित्र छु ।

**१ पत्रुस २:९** तर तिमीहरू चुनिएका मानिसहरू हौ, राजकीय पूजाहारीगिरी, एक पवित्र जाति,
परमेश्वरका आफ्ना मानिसहरू र तिमीहरूले उहाँलाई अर्थात् तिमीहरूलाई अन्धकारबाट आफ्नो अद्भुत ज्योतिमा बोलाउनुहुनेको प्रशंसाको घोषणा गर ।

**प्रस्थान ११:४–८** यसैले मोशाले भने, "परमप्रभु यसो भन्नुहुन्छः 'मध्यराततिर म मिश्रको बीचबाट भएर जानेछु। ५ सिंहासनमा बस्ने फारोको जेठो छोरादेखि लिएर जाँतो पिँध्ने कमारीको जेठो छोरासम्म, गाईबस्तुका सबै पहिले जन्मेका समेत, मिश्रका सबै पहिले जन्मेका मर्नेछन्। ६ सारा मिश्रभरि अघि कहिल्यै नसुनिएको क्रन्दन सुनिनेछ, जो फेरि सुनिनेछैन। ७ तर पशुको विरुद्धमा होस् वा मान्छेको विरुद्धमा होस् इस्राएलीहरूका बीचमा एउटा कुकुर पनि भुक्नेछैन'। तब तिमीहरूले थाहा पाउनेछौ कि परमप्रभुले मिश्रीहरू र इस्राएलीहरूमा भेद राख्नुहुन्छ। ८ अनि तेरा यी सबै अधिकारीहरू मकहाँ आएर मलाई दण्डवत् गरेर भन्नेछन्, 'तपाईंका पछि लाग्ने सारा मानिसहरूसमेत तपाईं निस्किजानुहोस्'। त्यसपछि म निस्किजानेछु।" तब मोशा अत्यन्त क्रोधित भएर फारोकहाँबाट गइहाले।

**१ कोरन्थी ७:१४** किनकि विश्वास नगर्ने पति पत्नीद्वारा पवित्र तुल्याइएको हुन्छ, अनि विश्वास नगर्ने पत्नी उसको विश्वासी पतिद्वारा पवित्र पारिएकी हुन्छे । नत्रता तिनीहरूका बालबच्चाहरू अशुद्ध
हुनेथिए, तर अब तिनीहरू पवित्र छन् ।

**प्रेरित २६:१८** आफ्ना पापहरूको क्षमादान र विश्वासद्वारा ममा सिद्ध तुल्याइएकाहरूलाई छुट्याइएको ठाउँ तिनीहरूले पाउन सकून् भनेर तिनीहरूका आँखा उघार्न, तिनीहरूलाई

अँध्यारोबाट उज्यालोमा फर्काउन र शैतानको शक्तिबाट परमेश्वरमा फर्काउन म तँलाई तिनीहरूसमक्ष पठाउँदैछु ।

**प्रस्थान १२:१३** तिमीहरू बसेका घरहरूमा त्यो रगत तिमीहरूका निम्ति चिन्ह हुनेछ। जब म त्यो रगत देख्नेछु तब तिमीहरूलाई चाहिँ छोड़िदिनेछु, र मैले मिश्रलाई प्रहार गर्दा नाश गर्ने कुनै विपत्तिले तिमीहरूलाई छुनेछैन।
.....................................................................................................................................

**प्रस्थान १२:३७-३८** इस्राएलीहरू रामसेसबाट हिँड़ेर सुक्कोतमा गए। आइमाई र केटाकेटीहरू छोड़ेर करीब छ लाख पैदल हिँड्ने मानिसहरू थिए। ३८ तिनीहरूका साथमा अरू जनहरू र थुप्रै भेड़ाबाख्रा र गाईबस्तु पनि लगे।

**गन्ति ११:४** तिनीहरूसित भएको एउटा नीच दलले अरू भोजनको निम्ति साह्रै तिर्सना गर्न थाल्यो
र फेरि इस्राएलीहरूले विलाप गर्दै भने , "हामीसित खानलाई मासु मात्र भइदिए त हुन्थ्यो ।

**१ कोरन्थी १०:१-११ (५)** तरै पनि, परमेश्वर तिनीहरूमध्ये धेरैसित प्रसन्न नहुनुभएकोले तिनीहरूका
शरीर उजाड-स्थानमै छरपष्ट भए ।

**एफिसी २:२-८** जब तिमीहरू यस संसारको रीतिअनुसार, आकाशको शक्तिको मालिकअनुसार, अहिले अनाज्ञाकारीताका सन्तानहरूमा काम गर्ने आत्माअनुसार चल्दथियौ । ३हामीहरू पनि तिनीहरू जस्तै हाम्र पापमय स्वभावको लालसा परू गर्दै अनि यसका इच्छा र विचारहरूलाई पछ्याउँदै जिउने गर्दथ्यौं । उनीहरू जस्तै , हामीहरू पनि स्वभावैले क्राधे का सन्तान थियौं । ४तर हामीहरूको निम्ति उहाँको महान् प्रेमको कारण, करूणाका धनी, परमेश्वरले, ५हामीहरूलाई हाम्रा अपराधमा मरेका अवस्थाबाटै ख्रीरष्टसगँ जीवित पार्नुभयो अनुग्रहबाट तिमीहरू बचाइएका छौ । ६अनि परमेश्वरले हामीलाई ख्रीरष्टसँगै जीवित पार्नुभयो र ख्रीष्ट येशूसँगै स्वर्गीय स्थानहरूमा बसाल्नुभयो, ७जसद्वारा ख्रीष्ट येशूमा उहाँले हामीलाई दयाको रूपमा

देखाउनुभएको उहाँको अनुग्रहको अतुलनीय सम्पत्ति आउँदो युगहरूमा देखाउनलाई हो ।
८किनकि तिमीहरू विश्‍वासद्वारा अनुग्रहबाट बचाइएका हौ– र यो तिमीहरू आफैबाट
होइन, यो त परमेश्‍वरको वरदान हो ।

**२ कोरन्थी ६:१४–१८** अविश्‍वासीहरूसित एउटै जुवामा ननारिओ । किनकि धार्मिकता र
दुष्टताको के
समानता छ र ? अथवा ज्योतिको अन्धकारसित केको सङ्गति हुन्छ र ? १५ख्रीष्ट र
शैतानको के
मेल हुन्छ र ? एक जना विश्‍वासी अनि अविश्‍वासीमा के समानता हुन्छ र ?
१६परमेश्‍वरको मन्दिर र मूर्तिको के सम्झौता हुन्छ र ? किनकि हामी जीवित
परमेश्‍वरका मन्दिर हौं । परमेश्‍वरले जसरी भन्नुभएको छः "म तिनीहरूसँग बस्नेछु,
अनि तिनीहरूसित हिँड्डुल गर्नेछु, अनि म तिनीहरूका परमेश्‍वर हुनेछु, र तिनीहरू
मेरा प्रजा हुनेछन् ।" १७ "यसकारण तिनीहरूका बीचबाट निस्किआओ अनि अलग
होओ, परमप्रभु भन्नुहुन्छ । अशुद्ध थोक नछोओ, अनि म तिमीहरूलाई ग्रहण गर्नेछु
।"
१८ "म तिमीहरूका बाबु हुनेछु अनि तिमीहरू मेरा छोराछोरी हुनेछौ, सर्वशक्तिमान्
परमप्रभु भन्नुहुन्छ ।"

**२ पत्रुस २:६–१०** यदि उहाँले सदोम र गमोरालाई आगोद्वारा खरानी बनाई सजाय
दिनुभयो, र भक्तिहीनहरूका सामु तिनीहरूलाई एक उदाहरण बनाउनुभयो भने ७अनि
यदि उहाँले धर्मी लूतलाई, जो छाडा स्वभावका मानिसहरूको भ्रष्ट जीवनदेखि व्याकुल
भएका थिए, बचाउनुभयो, ८(किनकि
ती धर्मी मानिस, तिनीहरूसँग दिनहुँ बस्थे । तिनको धर्मी आत्मा तिनले देखेका र
सुनेका छाडा कामहरूद्वारा पिरोलिएको थियो – ९यदि यसो हो भने, धर्मी
मानिसहरूलाई सङ्कटबाट बचाउन र अधर्मीहरूलाई इन्साफको दिनको लागि जोगाइराख्न
जान्नुहुन्छ । यद्यपि तिनीहरूको दण्ड जारी राख्नुहुन्छ । १०यो विशेष तिनीहरूको
सम्बन्धमा सत्य छ जो पापमय स्वभावका भ्रष्ट इच्छाहरूलाई पछ्याउँछन् र
अधिकारलाई घृणा गर्दछन् ।

**२ पत्रुस ३:१०–१४** तर प्रभुको दिन चोरझैँ आउनेछ । स्वर्ग गर्जनसहित लुप्त हुनेछू तत्वहरू आगोद्वारा
नाश हुनेछन्, पृथ्वी र त्यसमा भएका सबै कुराहरू नाङ्गो पारिनेछन् । ११सबै कुराहरू
यसरी नाश हुने हुनाले, तिमीहरू कस्ता किसिमका मानिसहरू हुनुपर्छ ? तिमीहरूले
पवित्र र धार्मिक जीवन बिताउनुपर्छ । १२जसै तिमीहरूले परमेश्‍वरका दिनलाई पर्खंदैछौ
र त्यो दिन नजिक आएको चाहन्छौ । जुन दिनले आगोद्वारा स्वर्गको नाश
ल्याउनेछ, र तत्वहरू तापमा पग्लिनछे न्। १३तर हामी उहाँको प्रतिज्ञाअनुसार एउटा
नयाँ स्वर्ग र एउटा नयाँ पृथ्वी पर्खंदैछौं, जो धार्मिकताको घर हो । १४यसर्थ , पिय्र
मित्रहरू हो, तिमीहरू यसको बाटो हेर्दैछौ, यसर्थ दागरहित, दोषरहित तथा उहाँसित
शान्तिमा हुने सक्दो प्रयास गर ।

**२ पत्रुस ३:१७–१८** यसर्थ, प्रिय मित्रहरू हो, यी कुराहरू तिमीहरूले बुझेकै हुनाले, होशियार होओ
र नियमविहिनका मानिसहरूको गल्तीले तिमीहरूलाई नबहकाओस् र तिमीहरूका
सुरक्षित स्थानबाट पतन नगराओस् । १८तर हाम्रा प्रभु र मुक्तिदाता येशू ख्रीष्टको
अनुग्रह र ज्ञानमा बढ३ । उहाँलाई अहिले अनि सदासर्वदा महिमा र आदर होस् ,
आमेन ।

**१ पत्रुस १:१३–१६** यसकारण, कामको निम्ति तिमीहरू आफ्नो मनलाई तयार गर१
आत्मनियन्त्रित होओ , तिमीहरूको सम्पूर्ण विश्‍वास त्यो अनुग्रहमाथि राख जो येशू
खी्रष्ट प्रकट हुनुहुदाँ तिमीहरूलाई दिनुहुनेछ । १४आज्ञाकारी बालबालिकाहरू भएको
हुनाले अबोध अवस्थामा हुँदा तिमीहरूसित भएको दुष्ट अभिलाषाअनुरूप नचल । १५तर
तिमीहरूलाई  बोलाउनुहुने पवित्र हुनु भएझैं , तिमीहरू पनि तिमीहरूले गर्ने सबै
कुरामा पवित्र होओ, १६किनकि धर्मशास्त्रमा यसरी लेखिएको छः “पवित्र होओ,
किनकि म पवित्र छु ।”

**१ यूहन्ना १:७** तर जसरी उहाँ ज्योतिमा हुनुहुन्छ, त्यसरी नै यदि हामी पनि
ज्योतिमा हिँड्छौं भनेता, एक अर्कासँग हाम्रो सङ्गति हुन्छ, र उहाँका पुत्र येशूको
रगतले हामीलाई सबै पापबाट शुद्ध पार्छ ।

**यूहन्ना ५:३६** “मसँग यूहन्नाको भन्दा ठूलो साक्षी छ । किनकि पिताले मलाई पूरा गर्न भनी दिनुभएको
काम, जो मैले गरिरहेको छु, त्यही कामले नै पिताले मलाई पठाउनुभएको हो भन्ने साक्षी दिन्छ ।

**कलस्सी ३:१७** अनि वचनमा वा काममा, जे गर्छौ, येशूद्वारा परमेश्वर पितालाई धन्यवाद चढाउँदै ती येशू ख्रीष्टको नाउँमा गर ।

**१ यूहन्ना १:९** यदि हामीले आफ्ना पापहरू स्वीकार गर्‍यौं भने, पापहरू क्षमा गरिदिन उहाँ विश्वासयोग्य र धर्मी हुनुहुन्छ अनि हामीलाई सबै अधर्मबाट शुद्ध पार्नुहुन्छ ।
१०यदि हामीले पाप गरेका छैनौं भनी हामी भन्छौं भनेता, हामीले उहाँलाई झूटा तुल्याउँछौं र हाम्रो जीवनमा उहाँको वचन रहँदैन ।

**एफिसी १:७** उहाँको रगतद्वारा हामीले उहाँमा उद्धार पाउँछौं, र परमेश्वरको अनुग्रहको प्रशस्तताअनुसार हामीले पापको क्षमा पाउँछौं ।

**हिब्रू ९:१२** उहाँ बोका र बाछाहरूको रगत लिएर प्रवेश गर्नुभएन तर अनन्त उद्धार प्राप्त गरेर आफ्नै रगत लिएर सधैंको लागि एकै पल्ट महा–पवित्रस्थानमा प्रवेश गर्नुभयो ।

**भजनसंग्रह ११९:१०५** तपाईंको वचन मेरा खुट्टाको निम्ति बत्ती, र मेरो बाटोको निम्ति उज्यालो हो ।

**२ तिमोथी २:१९–२२ (२१)** जे कुरो अनादरको छ, यदि कसैले त्यसबाट आफूलाई शुद्ध पार्‍यो भने त्यो आदरका कामको लागि एउटा पात्र बन्नेछ, र घरका मालिकको निम्ति चोखो, उपयोगी, र कुनै पनि असल कामको निम्ति तयार रहनेछ।

**१ यूहन्ना ५:१८** प्रेममा डर हुदैन । तर सिद्ध पे्रमले डरलाई हटाउछँ , किनकि डरको सम्बन्ध दण्डसँग हुन्छ । जो डराउँछ त्यो प्रेममा सिद्ध भएको हुँदैन ।

**हिब्रू १२:२२–२४** तर तिमीहरू त सियोन पर्वतमा, अर्थात् स्वर्गीय यरूशलेममा, जिउँदो परमेश्वरको

शहरमा आएका छौ । तिमीहरू असङ्ख्य स्वर्गदूतहरू भएको आनन्दमय सभामा आएका छौ, २३अर्थात् पहिला जन्मेकाहरूको मण्डलीमा, जसका नाउँहरू स्वर्गमा लेखिएका छन् । तिमीहरू सबै मानिसहरूका न्यायकर्ता परमेश्‍वरकहाँ, अनि सिद्ध तुल्याइएका धार्मिक मानिसहरूका आत्मामा, २४नयाँ करारका मध्यस्थ येशूकहाँ, अनि हाबिलको रगत भन्दा अझ राम्रो गरी बोलिदिने रगतको छिट्कामा आएका छौ ।

**उत्पत्ती ४:१०** परमप्रभुले भन्नुभयो, “यो तैंले के गरिस्? तेरो भाइको रगतले भूमिबाट मलाई दुहाई दिइरहेछ।

**प्रस्थान १२:१३** तिमीहरू बसेका घरहरूमा त्यो रगत तिमीहरूका निम्‌ति चिन्‌ह हुनेछ। जब म त्यो रगत देख्‌नेछु तब तिमीहरूलाई चाहिँ छोड़िदिनेछु, र मैले मिश्रलाई प्रहार गर्दा नाश गर्ने कुनै विपत्तिले तिमीहरूलाई छुनेछैन।

**रोमी ८:३१–३९** हामी यसबारे अब के भन्ने त ? परमेश्‍वर हामीतर्फ हुनुहुन्छ भने, हाम्रो विरुद्धको हनु सक्छ ? ३२जसले आफ्ना पत्रु लाई त बाकीँ राख्नुभएन, तर हाम्रो निम्ति सब दिइहाल्नुभयो, तब उहाँले आफ्नो पुत्रसहित उदारसँग सब थोक किन दिनुहुन्न र ? ३३परमेश्‍वरले छानेकाहरुप्रति त कसले दोष लाउने ? परमेश्‍वरले नै धर्मी ठहराउनुहुन्छ । ३४दोष लाउने को हो ? ख्रीष्ट येशू  जो मर्नुभयो, त्यसभन्दा बढी, उहाँ मरेकाबाट जीवित पारिनुभयो । उहाँ परमेश्‍वरको दाहिने हातपट्टि बस्नुभएको छ र हाम्रो निम्ति अन्तरबिन्ती गरिरहनुभएको छ । ३५ख्रीष्टको पे्रमबाट कसले हामीलाई अलग गर्नसक्छ ? के दुःखले, कठिनाइले, सतावटले, अनिकालले, नाङ्गोपनले, जोखिम कि तरवारले ? ३६जसो लेखिएको छः “तपाईंको खातिर हामी प्रत्येक दिन मृत्युको सामना गर्दछौं ; मारिन लागिएका भेडाझैँ हामी तुल्याइएका छौं ।” ३७होइन, यी सबै कुरामा हामीलाई प्रेम गर्नुहुनेद्‌वारा हामी विजयीहरूभन्दा पनि अझ बढी छौं । ३८किनकि म निश्‍चय छु– नता मृत्यु, नता जीवन, नता स्वर्गदूतहरू, नता दुष्ट आत्माहरू, नता वर्तमान्, नता भविष्य, न कुनै शक्तिहरू, ३९न कुनै उचाइ वा गहिराइ, नता सृष्टि भएको कुनै चीजले, ख्रीष्ट येशू हाम्रा प्रभुमा भएको परमेश्‍वरको प्रेमदेखि हामीलाई अलग गर्नसक्छ ।